

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक २४ गते शुक्रबार ❑ 10 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखराको पर्यटन विकास गर्न युएसआइडीसँग समझदारी

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

देशकै प्रमुख पर्यटकीय गन्तव्य पोखरालाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सहयोग पुर्‍याउने गरी बिहीबार एक समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।

पोखरा महानगरपालिका र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआइडी) बीच पर्यटन, कृषि, र सूचनाप्रविधि क्षेत्रको विकासमा सघाउन प्राविधिक परामर्श सेवासम्बन्धी समझदारी भएको हो। समझदारीअनुसार पोखरालाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सहयोग पुर्‍याउने उद्देश्यले युएसएआइडीले दुई वर्षसम्म प्राविधिक परामर्श सेवा प्रदान गर्नेछ । पोखराको पर्यटन विकासका लागि पर्यटन व्यवसाय र पर्यटन व्यवसायीले सामना गरिरहेका चुनौती र समस्यालाई सम्बोधन गर्न महानगरपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्नेछ । समझदारीपत्रमा पोखरा महानगरपालिकाकातर्फबाट महानगर प्रमुख धनराज आचार्य र (युएसएआइडी)का तर्फबाट परियोजना प्रमुख एगनेस लुजले हस्ताक्षर गर्नुभएको छ । यही कात्तिक १५ परामर्श सेवा प्रदान गर्दै आएको महानगरप्रमुख आचार्यले राससलाई बताउनुभयो। समझदारीअनुसार पर्यटन विकासमा आवश्यक प्रशिक्षण, लगानी फोरम, बजारीकरण र प्रचारप्रसारका कार्यक्रम समावेश छन् । पोखरा महानगरपालिकाले साझेदारबाट प्राप्त प्राविधिक परामर्शको कार्यान्वयन भने महानगरपालिकाको आवश्यकतानुसार गर्नेछ।

## अदालतको आदेशपछि पर्यटन व्यवसायी उत्साहित

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

पर्यटकीय सहर पोखरास्थित लेकसाइडका व्यवसायी उच्च अदालत पोखराको आदेशपछि उत्साहित भएका छन् । अदालतले पर्यटकीय नगरी पोखराको मुख्य केन्द्र लेकसाइड चौबीसै घण्टा खोल्न बुधबार आदेश दिएसँगै उनीहरूमा खुसी छाएको हो ।

उच्च अदालत पोखराका कायममुकायम मुख्य न्यायाधीश राजनप्रसाद भट्टराईको एकल इजालासले लेकसाइडमा भएका व्यापार व्यवसाय चौबीसै घण्टा खोल्न दिन जिल्ला प्रशासन कार्यालय कास्कीलाई अन्तरिम आदेश दिएको थियो । व्यापार, व्यवसाय गर्न रोक नलगाउन मागसहित स्थानिय देवीकुमारी बरालले दिएको रिट निवेदनउपर भएको बहसपछि न्यायाधिश भट्टराईले यस्तो आदेश दिनुभएको हो । आदेशमा कानुनबमोजिम व्यापार व्यवसाय गर्न रोक्ने, रोक्न लगाउने कार्य नगर्नु नगराउनू भनिएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले लामो समयदेखि पर्यटन व्यवसायीले उठाएको आवाजको सम्बोधन भएको प्रतिक्रिया दिनुभयो । "हामी निकै आजित भइसकेका थियौं, पटक पटक प्रहरी प्रशासन, राज्य संयन्त्रलाई यसबारे जानकारी गराउँदै आएका थियौं । आज बल्ल माग सम्बोधन भएको छ । अब कार्यावन्यनको पर्खाइमा छौं ।" प्रहरीले १० बज्न नपाउँदै सिठी लगाएर होटल रेष्टुराँ बन्द गर्न आउने गरेका कारण खाना खाँदै गरेका पाहुना मुखामुख गर्नुपर्ने स्थिति सिर्जना हुने गरेको थियो । "अदालतको आदेशले अब राहत मिलेको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो । उहाँले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेसँगै यहाँको पूर्वाधार विकासलाई पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर आवश्यक सुरक्षासहित पर्यटनमैत्री वातावरणका लागि राज्यले सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो ।

रेष्टुराँ एण्ड बार एसोसिएसन (रेवान) पोखराका कार्यवाहक अध्यक्ष विश्वराज पौडेलले उच्च अदालतको आदेश व्यवसायी र पर्यटकमैत्री भएको बताउनुभयो।"योआदेशस्वागतयोग्य छ, लेकसाइडमा आउने पर्यटक आनन्दले घुम्ने तथा मनोरञ्जन लिन चाहन्छन, यसअघि उनीहरूलाई बाधा पुगेको थियो", उहाँले भन्नुभयो । अदालतको आदेशलाई प्रभावकारीरुपमा कार्यान्वयन गरेर पोखरालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न तीनै तहका सरकारले चासो र प्राथमिकता दिनुपर्ने अध्यक्ष पौडेलले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरामा रैथाने हाटबजार, तिहारको मुखमा सयपत्री मेला

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

पोखरामा रैथाने हाटबजार सञ्चालनमा आउने भएको छ । पोखरा महानगरपालिका र श्री कम्प्लेक्स प्रालिको साझेदारीमा हाटबजार सञ्चालन गर्न लागिएको हो ।

हाटबजार आउँदो शनिबार शुभारम्भ गरिने कार्यक्रम रहेको पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार हाटबजारमा स्थानीय उत्पादनका दसभन्दा बढी स्टल रहनेछन् । मनखुसी फाउन्डेसनले तयार गरेको ह्यान्डीक्राफ्ट (मोजा, टोपी), प्राप्ति प्रशान्त हस्तकलाले तयार गरेको पोते माला, आमा एग्रो प्रडक्टका स्थानीय कृषि उपज, सगुन हस्तकलाले तयार गरेको धागोका सामान हाटबजारमा राखिने छ । यस्तै पुष्पाञ्जलीद्वारा तयार गरिएको विवाहका लागि चाहिने सामान (साइपाटा), विधाता हस्तकला उद्योगद्वारा उत्पादित हस्तकलाका सामग्री, कृषि सञ्जाल वडा नं ६ ले उत्पादन गरेका कृषिउपज र महिला सीप विकास संस्थाद्वारा उत्पादित स्थानीय हस्तकलाका सामाग्री पनि राखिने भएको छ ।

हाटबजारमा तिहारलाई लक्ष्य गर्दै रैथाने खानाका परिकार (सेलरोटी, झिलिङ्गा, चिनीर ोटी), स्थानीयस्तरमा उत्पादित खाद्य वस्तु कोदो, मकै, गहुँ, फापरलगायत विभिन्न तरकारी पनि बिक्रीका लागि राखिने प्रमुख कडरियाले बताउनुभयो । उहाँका अनुसार सो अवसरमा तीन दिनसम्म सयपत्री फूल मेला-२०८० समेत आयोजना गरिनेछ । महानगरपालिकाले स्थानीय कृषकसँग साझेदारी गरेर एक सय ६५ रोपनीभन्दा बढी जमिनमा सयपत्री फूल लगाएको र उत्पादित फूल पनि बिक्रीमा राखिनेछ । सयपत्री फूलमा महानगरपालिका आत्मनिर्भर भएको उहाँले बताउनुभयो । प्रमुख कडरियाले भन्नुभयो, "यसपालीको तिहारमा सयपत्री फूल पोखरामा बाहिरबाट ल्याउनुपर्ने अवस्था छैन, हामी यसमा आत्मनिर्भर भएका छौं ।" महानगरपालिकाले सयपत्री फूलको दररेटसमेत तोकेको छ । महानगरपालिकाको आर्थिक विकास महाशाखा, पोखरामा क्रियाशील पुष्प व्यवसायी र स्थानीय कृषकको समन्वयमा फूलको दर तोकिएको हो । दररेटअनुसार सयपत्री फूलको १५ देखि २० ग्रामको एक थुङ्गालाई रु पाँच देखि रु दस, १५ ग्राम तौल भएको एकथुङ्गाको मूल्य रु चार र पाँचदेखि दस ग्राम तौलको फूल रु दुई तोकिएको छ । यस्तै मालाको क्रमशः रु दुई सय, रु एक सय ८० र रु एक सय ५० तोकिएको छ भने प्रतिकेजी सयपत्री फूलको मूल्य रु चार सय तोकिएको छ । श्री कम्प्लेक्समा तीन दिनसम्म चल्ने मेलामा स्थानीय तथा रैथाने उत्पादन प्रवर्द्धन, विकास र बजारीकरणका सम्बन्धमा थप छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रमहरू गरिनेछन् ।

## कक्षा १२ को ग्रेडवृद्धिको परीक्षाफल सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को ग्रेडवृद्धि (पुरक) परीक्षाको नतिजा बिहीबार सार्वजनिक गरेको छ ।

बोर्डले बिहीबार एक विज्ञप्ति प्रकाशित गरी राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरद्वारा गत असोज ९ र १० गते सञ्चालन भएको कक्षा १२ को ग्रेडवृद्धि (पुरक) परीक्षाको नतिजा प्रकाशित गरिएको जनाएको छ । परीक्षामा कुल एक लाख १७ हजार आठ सय ८२ विद्यार्थीले परीक्षा दिएकोमा जसमा ८८ हजार नौ सय ४७ अर्थात ७५ दशमलव ४५ प्रतिशत विद्यार्थीले ग्रेड प्राप्त गरेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

१५ जना विद्यार्थीको परीक्षा रद्द गरिएको बोर्डको भनाइ छ ।

## गण्डकी प्रज्ञा-प्रतिष्ठान र दि स्पिक इन साइलेन्स स्विजरल्याण्डले सहकार्य गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

गण्डकी प्रज्ञा-प्रतिष्ठान र स्विजरल्याण्डको दि स्पिक इन साइलेन्सबीच बिहीबार सहकार्य गर्ने विषयमा सम्झौता भएको छ।

दुई संस्थाबीच कला, संगीत र संस्कृतिको आदान-प्रदान गर्ने उद्धेश्यले एक कार्यक्रमकाबीच समझदारी पत्र (एम.ओ.यू.)मा हस्ताक्षर गरिएको हो । एम.ओ.यू.मा गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ तथा दि स्पिक इन साइलेन्स स्विजरल्याण्डका प्रमुख मेलिना दी लमर्लिएरले हस्ताक्षर गरेका छन् । गण्डकी प्रज्ञा-प्रतिष्ठानमा



आयोजित समझदारी पत्रमा हस्ताक्षर गरे पश्चात बोल्दै दि स्पिक इन साइलेन्सकी प्रमुख मेलिनाले अब दुई संस्थाबीचको सहकार्यमा कला, संगीत र संस्कृतिको आदान-प्रदानका कार्यक्रम गरिने बताइन् । उनले नेपालको सुन्दरतासँगै यहाँको संस्कृतिको बारेमा खुलेर प्रशंसा गरिन् । गण्डकी-प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले एम.ओ.यू. सम्झौता सँगै दुई संस्था मिलेर कला, संगीत र संस्कृतिको क्षेत्रमा काम गरिने जनाए । यसरी सहकार्य गर्दा विदेशमा यो क्षेत्रमा प्रयोग भइरहेका विभिन्न नवितम् ज्ञान समेत जान्ने बुझ्ने अवसर मिल्ने उनको भनाइ छ । एक अर्काबिचको सहकार्यमा प्रभावकारी कार्यक्रम गर्न सकिने भएकोले नेपालका रहेका विभिन्न प्रज्ञा-प्रतिष्ठान, संस्था सहित विभिन्न देशमा क्रियाशिल संस्थासँग समेत सहकार्य गर्ने कार्य भइरहेको सुनाए । गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको अध्यक्षातामा भएको कार्यक्रममा स्वागत उपकुलपति गोरे गुरुङले गरेका थिए ।

## प्रधानमन्त्रीसँग चिनियाँ प्रतिनिधिमण्डको शिष्टाचार भेटवार्ता

**रासस**
काठमाडौं, २३ कार्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग चिनियाँ कम्युनिष्ट पार्टी तिब्बत स्वशासित क्षेत्रका सचिव वाङ जुनझेङ नेतृत्वको प्रतिनिधिमण्डलले शिष्टाचार भेटवार्ता गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आज भएको भेटमा आपसीहित र चासोका विविध विषयमा विचारविमर्श भएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ । सो अवसरमा प्रधानमन्त्री दाहालले हिमालयपार सम्पर्क सञ्जाल दुई देशका लागि महत्वपूर्ण भएको बताउँदै त्यसलाई कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभएको प्रधानमन्त्रीका प्रेस विज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार प्रधानमन्त्री दाहालले चिनियाँ सरकारको सहयोगमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान प्रान्तबाट सिधा उडानको अपेक्षा गरेको बताउनुभयो ।

नेपालले आसन्न विश्व जलवायु सम्मेलनमा जलवायु परिवर्तनका असरको विषयलाई मुख्य एजेण्डाका रुपमा उठाउने जानकारी दिँदै प्रधानमन्त्री दाहालले त्यसमा चीनजस्ता ठूला मुलुकले पनि सहयोग गर्नुपर्नेमा जोड दिनुभएको थियो । विश्वमञ्चमा जलवायु परिवर्तनले पारेको असरबारे नेपालले उठाएका विषयमा समर्थन गर्न पनि उहाँले आग्रह गर्नुभएको थियो ।

प्रधानमन्त्री दाहालले नेपाल र तिब्बतको सीमामा रहेका नाका सहजरुपमा सञ्चालन गर्न चीन सरकारले पहल लिएकामा धन्यवाद दिँदै मित्रराष्ट्र चीनबाट आगामी दिनमा थप सहजीकरणसहित सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो । नेपालमा गएको भूकम्पका समयमा चीन सरकारबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै प्रधानमन्त्री दाहालले भूकम्पको पूर्व सूचना संयन्त्र विकासमा पनि नेपालले अपेक्षा गरेको उल्लेख गर्नुभयो । उहाँले ल्हासा-काठमाडौं सिधा उडानको तयारीप्रति चीन सरकारलाई धन्यवाद व्यक्त गर्नुभएको थियो । एक चीन नीति नेपालको राष्ट्रिय नीति भएको उहाँले स्पष्ट पार्नुभएको थियो । त्यसैगरी प्रधानमन्त्री दाहालले चिनियाँ राष्ट्रपति सि चिनफिङको नेतृत्वमा चीनले गरेको आर्थिक प्रगतिको सराहना गर्दै 'बेल्ट एण्ड रोड' इनिसियटिभ उहाँको दूरगामी प्रयास भएको बताउनुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा मौलिक देउसी भैलो महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

पोखरामा पहिलो पटक मौलिक सस्कृति झल्कने देउसी भैलो महोत्सव हुने भएको छ।

पोखरा टेलिभिजनको आयोजनामा हुन लागेको महोत्सवमा बिभिन्न जातजाती बिषेश तथा समुदाय बिषेशको देउसीभैलो प्रर्दशन हुने भएको पोखरामा आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । पछिल्लो समय नक्कल गर्ने सस्कृतीका कारण हाम्रा संस्कृति र परम्पराहरुको अस्तित्व नासिने खतरा बढ्दै गएको छ । पछिल्लो समय तिहारको समयमा खेलिने देउसीभैलो विकृतिमुक्त हुन सकेको छैन, यसको मौलिकता हराउँदै गएको आभाष हुन थालेको छ। त्यसैले देउसीभैलोलाई ब्यापक बनाउन र मौलिकता जोगाईराख्न उत्सवको रुपमा मनाउने संस्कृतिको विकास गराउने प्रयास गरका हौ



: पोखरा टेलिभिजनका प्रबन्ध निर्देशक माधब पनेरुले सो अबसरमा उल्लेख गर्नुभयो । पत्रकार सम्मेलनमा महोत्सवका मुल्याङ्कन समितीको संयोजक बरिष्ठलोकदोहोरीगायकप्रजापती पराजुलीले मौलिकतालाई महोत्सवका रुपमा नल्याउने हो भने हाम्रा परम्परा र सस्कृती बिलीन हुने अबस्था आईसकेको बताउनु भयो । महोत्सवले मौलिकता जोगाउन एक महत्वपुर्ण कदम चालेको उहाँको भनाई थियो । पोखरा उद्योग बाणिज्य संघको सभाहलमा कार्तिक २५ गते बिहान ११ बजे आयोजना हुने महोत्सवमा दर्शकका लागि निःशुल्क प्रबेशको ब्यबस्था मिलाइएको महोत्सव संयोजक घनश्याम पाण्डेले बताउनु भयो । महोत्सवले उठान गर्न खोजेको मुख्य विषय नै मौलिकता र समुदाय विषेशको देउसीभैलो भएकाले पोखरा र आसपासमा खेलिने समुदाय विषेशको देउसी भैलोलाई सहभागिता गराईने उहाँको भनाई थियो । यसबाट हराउँदै गएको मौलिकतालाई दिगोपन दिने उद्धेश्य हाम्रो छ। जसबाट पर्यटनको राजधानी पोखरामा पर्यटकीय गतिविधि पनि बढाउन सकीने टेलिभिजनले दावि गरेको छ । महोत्सवमा पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड प्रबर्द्धकका रुपमा रहेका छन । त्यसैगरि गण्डकी प्रदेश सरकार सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय , उद्योग,पर्यटन,बन तथा बाताबरण मन्त्रालय ले सहकार्य गरेका छन । त्यसैगरि गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान, राष्ट्रीय बाणिज्य बैक लगायतका संघ सस्थाहरुको सहकार्य रहेको बताइएको छ। महोत्सवमा सहभागि टिमले नगद पाँच हजार नगद प्राप्त गर्नेछन उत्कृष्ट टिमलाई देउसी भैलो च्याम्पीएन घोषित गरीनेछ। च्याम्पीएन हुने टिमले अवार्ड सहित रु १५ हजार नगद प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ।

# शान्ति उदयमा रेडक्रस कास्कीको तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

पोखरा महानगरपालिका वडा नं ३३ मा रहेको शान्ति उदय माविमा विहीवारदेखि कास्की रेडक्रसको जिल्लास्तरीय नेतृत्व विकास सम्बन्धी तालिम सुरु भएको छ।

ग ा ` ष ठ ी क ा `
पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले एक समारोहका वीच उद्घाटन गर्दै रेडक्रस जस्तो मानवीय सेवामुखी संस्थामा लाग्न विद्यार्थीलाई प्रेरित गरे । उनले जुनियर तथा युवा रेडक्रस सहयोगी संस्था भएको उल्लेख गर्दै आवासीय तालिम सफलताको शुभकामनाका साथै उनी आफैले अध्ययन गरेको बिद्यालयमा कार्यक्रम हुँदै गरेकामा सफलताका लागि आर्थिक सहयोग गर्न आफू तयार रहेको र वडालाई पनि आग्रह समेत गरे । नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कास्कीको आयोजना तथा युवा रेडक्रस सर्कल शान्ति उदय माविको ब्यवस्थापनमा सुरु भएको उक्त तालिममा स्वागत गर्दै विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष ऋषिराज आचार्यले कार्यक्रम सम्पन्नताका लागि सबैको सहयोगको अपेक्षा गरे । युवा रेडक्रस सर्कलका अध्यक्ष मुक्ति गुरुङको



अध्यक्षतामा भएको कार्यक्रमा नेपाल रेडक्रस सोसाईटी कास्कीकी उपसभापति उर्मिला खड्का, पोखरा महानगरपालिका वडा न ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारी, नेपाल रेडक्रस सोसाईटी कास्कीका जुनियर युवा समितिका संयोजक रमेशराज भण्डारी, नेरेसो पोखरा ३३ भरतपोखरी उपशाखाका सभापति टुकराज भण्डारी, गैरीभञ्ज्याङ काफलडाँडा बन उपभोक्ता समितिका अध्यक्ष केशबराज आचार्य भाइ, प्रअ टेकनारायण गिरी, व्यबस्थापन समितिका पूर्व अध्यक्ष मनोहर अचार्य, पूर्व विद्यार्थी मञ्च अध्यक्ष मोती भुजेल लगायतले रेडक्रसको महत्वका वारेमा बोल्दै तालिम सफलताको शुभकामना दिएका थिए । बिहीवार रेडक्रसका प्रशिक्षकहरु देवनारायण पौडेल, नवराज भण्डारी, देबराज शर्मा,कल्पना ज्ञवाली लगायतले सहजीकरण गरेका थिए।

युरेसकी सचिव सविता विकले रेडक्रसका सात सिद्धान्त वाचन गरेको उक्त कार्यक्रम संचालन शिक्षक नायक देबराज शर्माले गरेका थिए।

कास्की जिल्लाका ४२ युवा रेडक्रस सर्कलका करीव १५० जना विद्यार्थी तथा शिक्षक प्रतिनिधिहरुको सहभागिता रहेको उक्त तालिम शुक्रवार सम्पन्न हुने बताइएको छ। प्रअ एवम् युवा रेडक्रस सर्कलका संरक्षक टेकनारायण गिरीले धन्यवाद ज्ञापन गरेका थिए भने विविध साँस्कृतिक प्रस्तुतिहरु समेत रहेका थिए।

# हिरक जयन्तीको तयारीमा राष्ट्रिय उच्च मावि

**पोखरापत्र संवाददाता**
पोखरा, २३ कार्तिक

पोखराको पुरानो टुँडिखेल स्थित राष्ट्रिय उच्च माध्यमिक विद्यालय आउदो मंसिर २० गते आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गर्दैछ।

आफनो ७५ औ स्थापना दिवस सगै विद्यालय हिरक जयन्ती मनाउने तयारीमा जुटेको छ । हीरक जयन्ती आउदो १ बर्षसम्म (२० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म) विभिन्न कार्यक्रम गरि भब्य रुपमा मनाउने योजना सहित विद्यालय अघि बढेको छ । हीरक जयन्तीको तयारीका लागि भन्दै विद्यालयले आउदो शनिबार अर्थात २५ कार्तिकमा विद्यालयमा अध्य् यन गरेका पुर्व विद्यार्थीहरु, पुर्व शिक्षक/कर्मचारीहरु, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरु, पुर्व शिक्षक अभिभावक संघका पदाधिकारी र सदस्यहरु सगै सरोकारवाला बिच छलफल गर्नका लागि भेला आयोजना गरेको छ। २५ गतेको भेलाको पुर्व तयारीका लागि बिहीबार विद्यालय व्यवस्थापन समिति, पुर्व विद्यार्थीहरु, पुर्व शिक्षक/कर्मचारीहरु लगायतको



उपस्थितीमा बैठक सम्पन्न भएको छ । बैठकमा हीरक जयन्तीका लागि २५ गतेको भेलामा पेश गर्ने विषयबस्तु, मुल समारोह समिति गठन, विभिन्न विषयगत उप समितिहरु गठन, आउदो मंसिर २० गते आयोजना गरिने प्रभात फेरी सगै एक वर्षमा के कस्ता कार्यक्रम गर्ने भन्ने सम्बन्धमा सुझाव संकलन एंव छलफल भएको थियो। विद्यालय वयवस्थापन समितिका अध्यक्ष राम विक्रम राणाको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर १ का अध्यक्ष शाहारा प्रधान, विद्यालयका प्रधानाध्यापक ईश्वरी प्रसाद सापकोटा, शिक्षक नारायण प्रसाद चापागाई, विद्यालयका पुर्व शिक्षक शम्भु कार्की, शिक्षिका धना राणा केसी, पुर्व विद्यार्थीहरु बाबा राणा, रविन्द्र माकाजु, अशोक पालिखे, रमेश श्रेष्ठ, चन्द्रबहादुर गुरुङ, विष्णु प्रसाद अधिकारी, राजु केसी, सिता गुरुङ, रोहितराज पराजुली लगायतले विभिन्न सुझाव दिएका थिए । बैठकमा सुझाव दिनेहरुले हीरक जयन्तीलाई महोत्सवको रुपमा मनाउनुपर्ने, हरेक महिना कम्तीमा पनि एउटा कार्यक्रम गर्नु पर्ने, २० मंसिरमा हुने प्रभातफेरीलाई भब्य बनाउन स्थानीय सगै विभिन्न संघ संस्थासंग समन्वय गर्नु पर्ने, गरिने कार्यक्रमहरु प्रभावकारी हुनुपर्ने लगायतका सुझाव दिएका थिए। २० मंसिर २००६ मा पब्लिक मिडिल स्कुलको नामबाट पोखरा ३ नदिपुरमा संचालित विद्यालयलले २००७ मा स्थाही स्कीकृती पाएसगै राजा त्रिभुवनले एक हजार दिएपछि विद्यालयको भवन निमार्णको काम सुरु भएको थियो। नदिपुरमा भवनको जग खन्ने क्रममा जमिन भासिएपछि विद्यालय सार्नका लागि उपयुक्त जमिनको खोजी भएको थियो । सोही क्रममा रत्नाखर पराजुलीका सन्ततिले जग्गा उपलब्ध गराएपछि विद्यालय हालको स्थानमा आईपुगेको हो। त्यसपछि श्री ५ को सरकार र अमेरिकी सहायता नियोगबिच भवन निमार्ण सम्झौता भएको थियो । भवन निमार्णको शिलान्यास २०१३ सालमा राजा त्रिभुवनले गरेका थिए। विद्यालयबाट प्रथम पटक २०११ सालमा पाँच जनाले एसएलसी दिएकोमा चार जना उत्तिर्ण भएका थिए।

२०१५ देखि २०२८ सालको नयाँ शिक्षा लागु हुनु पुर्व विद्यालयको नाम नेशनल मल्टिप्रपोज उच्च विद्यालय राखिएको थियो । हाल विद्यालयका इसिडि देखि कक्षा १२ सम्मको पढाई हुने गरेको छ । २०५४ देखि दश जोड दुईको पढाई संचालन सुरु भंको विद्यालयका हाल ४४ जिल्लाका गरि एक हजार चार सय विद्यार्थीहरु अध्य्यनरत रहेका छन् भने ५७ जना शिक्षक, कर्मचारीहरु कार्यरत रहेको सुचना अधिकारी शिवभक्त देवकोटाले जानकारी दिए।

## अदालतको ...

बताउनुभयो।

यसैगरी होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले अदालतको आदेशले व्यवसायीको मनोबल बढाएको बताउनुभयो । "व्यवसायीले जोखिम मोलेर पर्यटन क्षेत्रमा लगानी गरेका छौं । तर राज्य पर्यटनमैत्री बन्न नसक्दा जोखिम बढिरहेको छ, यो आदेशले उत्साह थपिएको छ", उहाँले भन्नुभयो । आदेशपछि तालको सुन्दरतासँगै लेकसाइड आसपासका रात्रीकालिन दृश्यसहित मनोरञ्जन लिनबाट अब पोखरा आउने पर्यटक वञ्चित हुनु नपर्ने अध्यक्ष सुवेदीको भनाइ छ।

पर्यटन बहुआयामिक क्षेत्रसँग जोडिएको हुनाले हरेक पक्षबाट पर्यटकको सहजतासहितको आतिथ्यताको खाँचो हुने भएकाले सम्बन्धित निकाय जिम्मेवार भएर यो क्षेत्रको प्रवर्द्धन गर्नुपर्ने उहाँले बताउनुभयो । गृह प्रशासन सुधार कार्ययोजनामा ठमेल, दरबारमार्ग, पोखराकोलेकसाइडजस्तापर्यटकको अवागमन बढी हुने क्षेत्रमा २४ घन्टा बजार खुला रहने गरी आवश्यक सुरक्षाको प्रबन्ध गरिने उल्लेख छ।


**नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।**


- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ।

*त्यसैले, सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# खुला आकाशमुनि भोकभोकै भूकम्पपीडित

आठ वर्षको अन्तरमा नेपाल दोस्रो पटक प्राकृतिक प्रकोप अर्थात् भूकम्पको क्रुर मारमा परेको छ । जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर गएको छ दशमलव चार रेक्टरस्केलको भूकम्पले रुकुम पश्चिममा पनि मानवीयसँगै भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ । सोही भूकम्पले गर्दा हजारौँको घरबास उजाड भएको छ भने हजारौँको संख्यामा स्थानीय वासिन्दा त्रिपालको साहारामा चिसो रात कटाउन बाध्य भएका छन् । स्थानीयलेकामेका हात, अश्रुपुरित नेत्र र अनिश्चित भविष्य बोकेका आफन्तका पार्थीव शरीर बुझे, अन्तेष्टिका लागि सुरक्षाकर्मी र स्थानीय प्रशासनसँगै स्थानीय जनता अत्यन्त सराहनीय समन्वय र सक्षम खोजी तथा उद्धारकार्यमा रातदिन नभनी खटेका छन् ।

उद्धारकार्य जारी छ । २०७२ को भूकम्पपछि पनि सुरक्षात्मक हिसाबले नेपाल सरकारले गुणस्तरीय बसोबासको योजना बनाएको छैन । तर उद्धारकार्यको स्तरीयता र प्रभावकारिता स्पष्टरूपमा देखा परेको छ । राष्ट्रिय शोक र संकटको यो घडीमा विदेशी सहयोग र संलग्नता न्यून होस् तथा कुनै पनि बहानामा विदेशीसँग हात फैलाउने कूटनीतिले निरन्तरता नपाओस् भन्ने राष्ट्रिय र सम्मानजनक आकांक्षा आम नेपालीले व्यक्त गरेका छन् । छिमेकी भारत र चीनले करिब १० करोड बराबरको तत्काल आवश्यक राहत सामग्री नेपाललाई हस्तान्तरण गरेका छन् र आवश्यक सहयोग या नेपाल सरकारले चाहेमा थप सहयोग दिने घोषणा उनीहरूले उच्चतम कार्यकारी तहबाट गरेका छन् । त्योसँगै नेपालभित्र राजनीतिक दलहरू, उद्योग, व्यवसायी, निजी रूपमा नागरिकहरू पनि यसपल्ट ठूलो संख्यामा आफ्नो गच्छेअनुसार सहयोग दिन अगाडि सरेका छन् ।

यस्ता संकट र क्षतिका अवसरमा सुरक्षा निकायहरू तथा स्थानीय प्रशासन उद्धार र घाइते र विस्थापितको पुनर्वास तथा उपचारमा लागेका बेला प्रधानमन्त्री या कुनै उच्च पदस्थ व्यक्तिले प्रभावित क्षेत्रमा भ्रमण गरी प्रशासनको प्राथमिकता खल्बलाउन हुँदैन भन्ने मान्यतालाई पनि उनीहरूले बुझ्न र विचार गर्नु आवश्यक छ, यद्यपि प्रधानमन्त्री भूकम्पको केही घण्टामै प्रभावित क्षेत्रमा पुगेका थिए । भूकम्पबाट सबैभन्दा बढी मानवीय क्षति व्यहोरेको जाजरकोटका दुर्गम क्षेत्र मात्र होइन, सदरमुकाम खलङ्गामा समेत मानिसहरु खुला आकाशमुनि बस्न बाध्य छन् ।

जिल्लाका दुर्गम गाउँहरुमा पीडितहरु त्रिपाल समेत नपाएर खुला आकाशमुनि रात काट्न बाध्य त छन् नै, सदरमुकाम खलङ्गामा समेत पीडितहरु खुला आकाशमुनि बसिरहेका छन् । चिसोमा बाहिर बस्नु पर्दाको दुःख त छँदैछ, उनीहरुलाई खाद्यान्नको समेत अभाव हुँदैछ । सदरमुकाम आसपास थुप्रै पक्की घर भए पनि शुक्रबार गएको ६.४ रेक्टर स्केलको भूकम्पले घरहरु चर्किएका छन् । त्यसमाथि सोमबार पनि ५.८ रेक्टर स्केलको भूकम्प जाँदा थप क्षति हुँदा मानिसहरु बाहिर निस्किएका छन् । जाडो छ, खुला ठाउँमा बस्दा झन् जोखिम हुने हो कि भन्ने पिर भएको बताउछन् । यसरी खुला आकाशमुनि बसेका थुप्रैले राहत नपाएको गुनासो छ । तीमध्ये अधिकांशको भनाइ आफूहरु स्थानीय वासिन्दा नभएकाले सहयोग नपाएको बताए । जिल्ला प्रहरी कार्यालय, खलङ्गा नजिकै रहेको चोकमा समेत स्थानीयवासी खुला चउरमा बसिरहेका छन् । प्रहरी कार्यालयका भवन पनि चर्किएकाले सुरक्षाकर्मी समेत पनि बाहिर बसेका छन् ।

# धौलागिरि क्याम्पसमा छात्रवृत्ति कोष स्थापना

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ कार्तिक

यहाँ रहेको धौलागिरि बहुमुखी क्याम्पसमा जेहेन्दार र विपन्न विद्यार्थीलाई निःशुल्क उच्च शिक्षा दिने उद्देश्यले स्वतन्त्र विद्यार्थी युनियनको अगुवाइमा रू एक करोडको छात्रवृत्ति कोष शुभारम्भ गरिएको छ । क्याम्पसका प्रमुख प्राध्यापक डा रामप्रसाद उपाध्यायले एक महिनाको तलबबराबार रू ७५ हजार कोषमा राखेर बुधबार कोषको शुभारम्भ गर्नुभएको हो ।

शुभारम्भकै दिन क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष डा दिनबहादुर थापाले रू एक लाख पाँच हजार कोषलाई सहयोग गर्नुभएको छ । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले स्वतन्त्र विद्यार्थी युनियनले रू एक करोड 'धौलागिरि बहुमुखी क्याम्पस छात्रवृत्ति कोष' स्थापना शुभारम्भ गरेको जनाएको छ ।

कोषका लागि रू ५० लाख स्थानीय तहमार्फत र रू ५० लाख देउसीभैलो कार्यक्रम, क्याम्पसका प्राध्यापक, शिक्षक तथा कर्मचारीबाट सङ्कलन गर्ने उद्देश्य रहेको क्याम्पसका स्ववियु सभापति सुदीपसागर कँडेलले जानकारी दिनुभयो । क्याम्पसमा अध्ययन गर्न आउने आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई छात्रवृत्ति रकममार्फत निःशुल्क अध्यापन गराउने उद्देश्य राखेर कोष स्थापना गर्न सुरु गरिएको उहाँले बताउनुभयो । "यो एउटा वृहत कोष हो । धौलागिरि क्याम्पसमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई निःशुल्क अध्यापन गराउने हाम्रो अठोट छ । यसले क्याम्पसको शैक्षिक गुणस्तरमासमेत वृद्धि गर्दछ", सभापति कँडेलले भन्नुभयो, "बागलुङका १० वटै स्थानीय तहलाई साझेदारीमार्फत कोषमा सहभागी गराइने छ । कम्तीमा एक पालिकाले १० लाखको कोष क्याम्पसमा बनाउने छन् भने सोही स्थानीय तहका विद्यार्थीलाई क्याम्पसमा निःशुल्क अध्यापन गराउन सिफारिस गर्न सकनेछ ।" कोषलाई रू एक करोडको बनाउने लक्ष्य अनुसार क्याम्पसका प्राध्यापकहरुले एक महिनाको तलब कोषमा जम्मा गर्न सुरु गरिसकेका क्याम्पसका प्राध्यापक डा रामप्रसाद उपाध्यायले जानकारी दिनुभयो । उहाँले देउसी भैलोकार्यक्रम खेलेर थप रकम सङ्कलन गरिने बताउनुभयो । उपाध्यायका अनुसार क्याम्पसका शिक्षक र कर्मचारीबाट झण्डै रू १० लाख कोषमा सहयोग हुने जानकारी दिनुभयो । उहाँका अनुसार देउसीभैलो, पूर्वविद्यार्थी तथा पूर्व कर्मचारी पुर्नमिलन कार्यक्रममार्फत रू १० लाख सङ्कलन गर्ने लक्ष्य लिइएको छ ।

क्याम्पस र समुदायबीचको सम्बन्ध र सहकार्य बढाउन, उच्च शिक्षा अध्ययन तर्फ विद्यार्थीको आकर्षण बढाउन कोष निर्माण शुभारम्भ गरिएको स्ववियु सभापति कँडेलले बताउनुभयो । कोष स्थापना गरी जम्मा गरिएको रकमको ब्याजबाट वाषिक एक सयभन्दा बढीलाई छात्रवृतिमार्फत अध्ययन गराउने उद्देश्य रहेको उहाँको भनाइ थियो । "कोष स्थापनाको लागि स्ववियुको तर्फबाट तिहारमा देउसी खेल्ने, जिल्लाका १० वटा पालिकाका साथै स्थानीय व्यवसायी, कर्मचारी, समाजसेवी, भूतपूर्व विद्यार्थीलगायत सबैसँग समन्वय गर्ने भएकाले रू एक करोडको कोष स्थापना सजिलै हुनेछ", कँडेलले भन्नुभयो, "अहिले पनि हामीले केही विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएका छौँ ।" क्याम्पसमा स्थापना गरिने कोषले आर्थिक अभावका कारण पढाइ छोड्नुपर्ने बाध्यतालाई अन्त्य गर्दै क्यापसको शैक्षिक गतिविधिलाई चलायमान बनाउने उहाँले बताउनुभयो ।

# तिहारमा पनि बिक्दैनन् मादल

**पोखरापत्र संवाददाता**
ढोरपाटन, २३ कार्तिक

एकदशक अगाडिसम्म तिहार सुरु हुनु महिना दिन अगावै मादल र झ्याली किनमेल हुन्थ्यो । व्यवसायीलाई मादल बनाउन र बिक्री गर्न भ्याइनभ्याइ हुन्थ्यो । मादल व्यवसायबाट धेरैले जीविकोपार्जन गर्थे ।

आजभोलि मादल बिक्री नहुँदा व्यवसायने सङ्कटमा परेको छ । युवा व्यवसायी पलायन भइरहेका छन् भने बुढापाका पनि अन्य पेसा रोज्न बाध्य भएका छन् । प्रविधिको विकाससँगै आजभोलि मादलको सट्टा 'इलेक्ट्रोनिक्स साउण्ड सिस्टम' बज्ने गर्छन् । बागलुङको निसीखोला गाउँपालिकाका वीरबहादुर परियारले मादल व्यवसाय गर्न थालेको २७ वर्ष भएको छ । पाँच वर्ष अगाडिसम्म उहाँलाई मादल बिक्री गरेर परिवार चलाउन सहज थियो । गाउँमा ठूला-ठूला साउण्ड सिस्टम भित्रिएपछि परियारले मादल व्यवसाय छोडेर खेती गर्न थाल्नु भएको छ । आधुनिक प्रविधिको विकासले गर्दा मौलिकता हराउँदै गएपछि मादल बजाउने प्रचलन पनि घट्दै गएको परियारले बताउनुभयो । "पहिलापहिला विवाह, व्रतबन्ध, मेला, महोत्सव र सार्वजनिक कार्यक्रममा गीत गाउने र मादल बजाउने, नाच्ने चलन थियो । आजभोली साउण्ड सिस्टममा गीत बजाएर नाच्छन्", उहाँले भन्नुभयो । पाका पूर्खाले गर्दै आएको कामलाई अगाल्नु भएको परियारले व्यवसाय सङ्कटमा परेपछि पेसानै बदल्न बाध्य हुनुभएको हो । बाउबाजेबाट आफूले मादल बनाउन सिके पनि छोराहरुले यसप्रति चासो नदिएको परियाले बताउनुभयो । "तिहार नजिकिएसँगै इलेक्ट्रोनिक्स साउण्ड बिक्री गर्ने पसलमा चहलपहल बढेको देखिन्छ । मादल पसल सुनसान छन्", उहाँले भन्नुभयो । पहिले बाह्रै महिना मादलको माग आउने गरेको भन्दै पाँच वर्ष अगाडि बनाएका मादल थन्काएर राखिएको परियारले बताउनुभयो । केही वर्ष पहिलेसम्म चाडवाडको बेलामा फाट्टफुट्ट ग्राहक आउने गरेका सुनाउँदै अहिले वार्षिक पाँच वटा मादल पनि बिक्री नहुने उहाँले बताउनुभयो । काठको घार र विभिन्नि जनावरको छालाबाट मादल बनाउनु पर्ने उहाँको भनाइ थियो । मादलको घार बनाउनै दुई दिन लाग्ने भन्दै एउटा मादल तयार गर्न करिब पाँच दिन लाग्ने परियारले जानकारी दिनुभयो ।

आफ्नो पालामा मनोरञ्जनको माध्यम मादल बजाउने र गीत गाउने भएको भन्दै आजभोलि गाउँमा मादल बज्न छोडेको परियारले बताउनुभयो । पहिले ग्राहकले आफूले भने जतिकै मूल्य दिने गरेको स्मरण गर्दै आजभोलि निःशुल्कमा पनि कसैले नलाने उहाँको भनाइ थियो । "तिहारको बेला मादलको बढी माग हुने गर्थ्यो । गाउँ/सहरमा देउसीभैलो खेल्नेले मादल किन्ने गर्थे । अहिले मादलको सट्टा ठूला-ठूला साउण्ड सिस्टम किन्ने गर्छन् । पहिला यसकै आम्दानीबाट परिवार पाल्न सहज भएको थियो । छोराछोरीलाई मादलनै बेचेर पढाएको हुँ", परियारले भन्नुभयो, "पहिले यो सीप नसिकेर विदेश जानुपर्ने रहेछ । अहिले बुढेसकाल लाग्यो । मैले जानेको काम मादल बनाउने हो तर मादल बिक्दैनन् । अहिले पसल बन्द गरेर खेतीपाती गर्छु । हाम्रो गाउँमा मादल बनाउने पसल १०/१२ वटा थिए । अहिले एउटा पनि छैनन् ।" ढोरपाटनका मादल व्यापारी सुर्जबहादुर नेपालीले पहिलेको तुलनामा आजभोलि मादलको व्यापार ९० प्रतिशतले घटेको बताउनुभयो । चार/पाँचवर्ष अगाडिसम्म वार्षिक दुई सय मादल बिक्री गर्ने गरेको भन्दै हिजोआज चालिस वटा बेच्न पनि मुस्किल हुने उहाँको भनाइ थियो । आफूले मादल बनाउने र बिक्री गर्न थालेको २३ वर्ष भएको सुनाउँदै पछिल्लो समय पेसानै धरापमा पर्न थालेको नेपालीले गुनासो गर्नुभयो । मौलिक संस्कृति हराउँदै गएपछि मादलको प्रयोग घट्दै गएको उहाँको भनाइ छ । पहिले गाउँमा सोरठी, मारुनीलगायतका पुराना नाच नाच्ने गरेको भन्दै अहिले ती नाच लोपहुँदै गएपछि मादलको बिक्रीमा गिरावट आएको नेपालीले बताउनुभयो । "पहिले मादल किन्नेको लाइन हुन्थ्यो । मैले पुऱ्याउनै सक्दैनथे । कमाइ पनि राम्रो हुन्थ्यो । वर्षमा सात लाख कमाइ गर्थें । अहिले मादल किन्न बेला मौकामा एक/दुईजना आउँछन्", उहाँले भन्नुभयो, "तिहार आउने बेला अलिअलि बिक्री हुन्छ । यस बेला मात्रै मादल बेचेर दुई महिना पनि खान पुग्दैन । अब अरु काम पनि गर्नुपर्ने भएको छ ।" बुर्तिबाङका साउण्ड सिस्टम व्यापारी खिमलाल क्षेत्रीले केही दिनदेखि आफ्नो पसलमा साउण्ड सिस्टम किन्न आउनेको भीड हुने गरेको बताउनुभयो । दसैं पछाडि बुटवलबाट दुई चरणमा साउण्ड सिस्टम खरिद गरेर ल्याएको सुनाउँदै उहाँले हालसम्म ४० बढी साना ठूला साउण्ड सिस्टम बिक्री गरेको जानकारी दिनुभयो । यहाँबाट ढोरपाटन, निसीखोला, तमानखोला, बडिगाड र रुकुमसम्म साउण्ड सिस्टम पठाउने गरेको क्षेत्रीले बताउनुभयो । तीन वर्षदेखि साउण्ड सिस्टमको माग निकै बढ्न थालेको उहाँको भनाइ छ ।

"सूचना प्रविधिको पहुँच अहिलेको जमानामा जताततै पुगेको छ । विद्युत नपुगेको गाउँ छैन । विद्युतबाट चल्ने भएपछि धेरैले साउण्ड सिस्टम किन्नुहुन्छ । मादल बजाउने र पुराना गीत गाउने चलन हराएको छ", क्षेत्रीले भन्नुभयो, "पहिले गाउँमा मेला महोत्सव हुँदा मादल घन्किन्थे । यानीमाया, सुनिमाया र लोक गीत गाउने गर्थे । तिहारमा पुरानै गीत गाएर देउसीभैलो खेल्थे । अहिले त्यस्तो कतै देखिँदैन, सुनिदैन । जहाँ पनि माइकमा गीत मात्रै बजाउँछन् ।"

# एसियाका बैंकलाई नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

**रासस**
काठमाडौं, २३ कार्तिक

अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालमा लगानी गर्न एसियाका बैंकहरुलाई आग्रह गर्नुभएको छ ।

बिहीबारदेखि यहाँ सुरु भएको एसियन बैंकर सङ्घको सम्मेलनमा अर्थमन्त्री डा महतले नेपालमा लगानीका प्रशस्त सम्भावना रहेको भन्दै एसियन मुलुकका बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ)समक्ष लगानी गर्न आह्वान गर्नुभयो । "नेपालमा निजी क्षेत्रका साथै विदेशी लगानीकर्ताका लागि ठूलो सम्भावना छ", अर्थमन्त्री डा महतले भन्नुभयो, "भारतले १० वर्षमा १० हजार मेगावट जलविद्युत खरिद गर्ने प्रतिवद्धता जनाइसकेको अवस्थामा जलविद्युतमा लगानीको प्रशस्त सम्भावना छ । त्यसैले जलविद्युतमा ढुक्कसँग लगानी गर्नुस् । सहजिकरणका लागि सरकार प्रतिबद्ध छ ।"

सरकारले नीतिगत रुपमा व्यवस्था गरी हरित ऊर्जालाई प्रोत्साहन गर्ने भन्दै उहाँले अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउँदै सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनमा पुग्ने लक्ष्य रहेको उल्लेख गर्नुभयो । विश्व बैंक र एसियाली विकास बैंकले पनि नेपालको ठूलो जलविद्युत् आयोजनामा लगानी गर्ने प्रतिबद्धता जनाएको भन्दै उहाँले विदेशी लगानी आकर्षण गर्न सरकारले लगानीमैत्री वातावरण बनाउनेमा विश्वास दिलाउनुभयो । उहाँले पछिल्लो समय नेपालको जलविद्युत क्षेत्रमा वैदेशिक लगानी वृद्धि हुँदै गएको बताउनुभयो । सरकारले विद्युत् उत्पादन, साना उद्योग तथा कृषिमा प्रमुख प्राथमिकतामा राखेर नीतिगत व्यवस्था गरिरहेको अर्थमन्त्रीको भनाइ छ । सो अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले विभिन्न चुनौतीकाबीच मुलुकको अर्थतन्त्र सामान्य अवस्थामा रहेको र यसलाई थप गतिशिल बनाउन जरुरी भएको उल्लेख गर्नुभयो । उहाँले आर्थिक वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउने क्षेत्रमा बैंकिङ क्षेत्रका स्रोतसाधनलाई पूर्णरुपमा पुनर्संरचना गर्ने बेला आएको भन्दै दिगो आर्थिक वृद्धि हासिल गर्न जरुरी रहेको बताउनुभयो ।

गभर्नर अधिकारीले धेरैजसो विकसित अर्थतन्त्रमा मुद्रास्फीती मध्यम रहेको उल्लेख गर्नुहुँदै मुलुकको मुद्रास्फीति अझै पनि केन्द्रीय बैंकको लक्ष्यभन्दा माथि रहेको बताउनुभयो । उहाँले केही उदीयमान बजार र विकासशील अर्थतन्त्रहरुले अझै पनि उच्च मुद्रास्फीतिको सामना गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "मध्यपूर्वमा भर्खरै बढ्दो इजरायल-हमास युद्ध र लामो समयसम्म रुस-युक्रेन संकटले मूल्य स्थिरता कायम राख्न चुनौती खडा गरेको छ । फलस्वरूप, धेरै केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत कडाइ जारी राखेका छन् । जसले गर्दा लामो समयसम्म उच्च ब्याजदरको सामना गरेनुपरेको देखिन्छ ।"


# हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००१/०४/०८

स्वर्गारोहण
वि.सं. २०८०/०७/१२

**स्व. कृष्ण हरि श्रेष्ठ**

हाम्रा प्रातः स्मरणिय पति/बुवा, पोखरा-९, न्यूरोड, दरबारथोक निवासी **कृष्णहरि श्रेष्ठ** को ८० वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । यस दुखद घडिमा हामीप्रति समवेदना, सहानुभूति प्रकट गर्नुहुने ईष्टमित्र/आफन्त/छिमेकी विभिन्न संघसंस्था प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारीहरु**
कुमार/विना श्रेष्ठ
शिवहरि/धर्मलक्ष्मी श्रेष्ठ

**छोरी/ज्वाइँ**
इन्दिरा/सुमन श्रेष्ठ

**श्रीमती**
मंगल माया श्रेष्ठ

**नातिनि/ज्वाइँहरु**
पुनम/उदय श्रेष्ठ
अन्जली/सुभाष कार्की

**नाति/नातिनाहरु**
इलिसा, रोशनी, निरुपा, सौरव, कविर, सुयान र सौगात श्रेष्ठ

तथा श्रेष्ठ परिवार, पोखरा-९, दरबारथोक, कास्की



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



# मेडिकल काउन्सिलको सर्टिफिकेट हराएको सूचना

म रुद्र प्रसाद चालिसेको बगरदेखि महेन्द्रपुल जाने क्रममा मेडिकल काउन्सिलको सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

नामः रुद्र प्रसाद चालिसे
ठेगानाः खौलालाकुरी-५ पर्वत
मेडिकल काउन्सिल नं.: १४६५१
सम्पर्क नं. :९८६७८४७१८४

# घरबासमा पर्यटक खचाखच

**रामबहादुर थापा**
पोखरा, २३ कार्तिक /रासस

कास्कीको घान्द्रुक गाउँमा हिजोआज दैनिक सयौँ पर्यटक भित्रिरहेका छन् । घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङ यहाँका घरबास (होमस्टे) र होटलमा पाहुना भरिभराउ रहेको बताउनुहुन्छ ।

"अहिले दैनिक १५ सयदेखि १७ सयसम्म पर्यटक घान्द्रुक आइरहेका छन्, जसमा आन्तरिक पर्यटक नै बढी छन्", उहाँ भन्नुहुन्छ, "घान्द्रुक हुँदै अन्नपूर्ण आधार शिविर, घोडेपानीलगायत ठाउँको पदयात्रामा जाने विदेशी पर्यटकको सङ्ख्या पनि उल्लेख्य छ ।"

अध्यक्ष गुरुङका अनुसार घान्द्रुकमा रिसोर्टसहित ५४ होटल र १८ घरबास छन् । रैथाने संस्कृति, खानपान र पारिवारिक वातावरण रुचाउने पर्यटकको रोजाइमा घरबास पर्ने गरेको छ । सेवा र गुणस्तरअनुसार पाहुनाका लागि घरबासको छुट्टाछुट्टै प्याकेजको व्यवस्था गरिएको छ । हिमालको काखमा पहाडेशैलीका लहरै घर । ग्रामिण परिवेश र हावापानी । गुरुङ समुदायको कला, संस्कृति र रहनसहन । पाहुनाको सत्कारका लागि खुलेका घरबास । गाउँकै उब्जनीबाट बनेका परिकार घान्द्रुकमा पर्यटक लोभ्याउने बस्तु हुन् । असोज-कात्तिक नेपालको मुख्य पर्यटकीय याम हो । यहीबेला ठूला चाडबाड पर्ने भएकाले मानिस घुम्ने योजना बनाइरहेका हुन्छन् । घान्द्रुकजस्ता छोटो दूरीका गन्तव्यमा पर्यटकीय चहलपलह बढी हुन्छ । अन्नपूर्ण गाउँपालिका-१० र ११ स्थित घान्द्रुक गाउँ चल्तीको गन्तव्यका रुपमा देशविदेशमा परिचित छ । बर्सेनि हजारौँ पर्यटकले यहाँ पाइला टेक्छन् । यहाँको प्रकृति र संस्कृतिमा रमाउँछन् । स्वदेशीपछि सबैभन्दा बढी चिनियाँ पर्यटकले घान्द्रुकलाई गन्तव्य बनाउँछन् । भारतीयदेखि युरोप, अमेरिकासम्मका पर्यटक घान्द्रुक आउने गरेको अध्यक्ष गुरुङ बताउनुहुन्छ । अन्नपूर्ण आधार शिविर, म्याग्दीको पुनहिल-घोरेपानीलगायत जोड्ने पदमार्गमा पर्ने घान्द्रुक पर्यटकको विश्रामस्थलका रुपमासमेत लिइन्छ । पोखरा-बागलुङ राजमार्गको नयाँपुलदेखि बिरेठाँटी, स्याउलीबजार, किञ्चे हुँदै पाँच/छ घण्टाको पदयात्रामा घान्द्रुक पुग्न सकिन्छ । मोटरमा जाँदा एक/डेढ घण्टामै त्यहाँ पुग्न सकिन्छ ।

कास्कीकै माछापुच्छ्रे गाउँपालिका-८ स्थित घरबास गाउँ ल्वाङमा पनि दसैँपछि पर्यटकको चहलपहल बाक्लिएको छ । ल्वाङ सामुदायिक घरबास व्यवस्थापन समितिका अध्यक्ष मञ्जु गुरुङका अनुसार त्यहाँका २६ घरमा घरबास सेवा छ । "यहाँ बढी आउने आन्तरिक पर्यटक नै हो, अहिले पर्यटकीय याम चलिरहेकाले विदेशी पाहुना पनि आइरहनुभएको छ", उहाँ भन्नुहुन्छ, "दसैँपछि पर्यटकको आगमन राम्रो छ, घरबासका कोठा खाली राख्नुपर्ने अवस्था छैन ।" पोखरादेखि नजिकको गन्तव्य भएकाले पनि ल्वाङ गाउँ पर्यटकको सहज पहुँचमा छ । प्रकृति र संस्कृतिमा रमाउनेका लागि सो गाउँ उपयुक्त मानिन्छ ।

गुजमुज्ज गुरुङ बस्ती । सेतो र गेरु रङ पोतिएका एकनासे घर । ढुङ्गे छाना, आँगन र बाटो । वास्तुकला झल्काउने झ्यालढोका । ससाना गल्ली, गल्छेँडा र तगारा आदि ल्वाङ गाउँका आकर्षण हुन् । "ल्वाङको गाउँले परिवेश, रहनसहन, रैथाने खाना र आतिथ्य संस्कारले पर्यटकलाई लोभ्याउने गरेको छ", अध्यक्ष गुरुङ भन्नुहुन्छ, "पोखरादेखि नजिकको दूरीमा भएकाले पनि आउजाउ सहज छ, घुमफिरका लागि जुनसुकै मौसममा ल्वाङ गाउँ उपयुक्त छ ।" विसं २०६७ मा घरबास सञ्चालनमा आएपछि सो गाउँले पर्यटनमा फड्को मारेको हो । एकै रातमा चार सय जनासम्म पाहुना राख्ने क्षमता घरबासमा छ । कुनै पर्यटकीय याममा त दिनमै छ सयसम्म पर्यटक बसेको अनुभव घरबास सञ्चालकसँग छ ।

समुन्द्री सतहदेखि १४ सय मिटरको उचाइमा अवस्थित यो गाउँबाट माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमाली चुचुरोमा देखिने सूर्योदयको दृश्य लोभलाग्दो हुन्छ । गुरुङ संस्कृतिको अध्ययन, अनुसन्धानका लागि देशविदेशका अध्येता र अनुसन्धानकर्मीसमेत ल्वाङ पुग्ने गरेका छन् । बाहिरबाट आउने पाहुनालाई गुरुङ संस्कारसहित रैथाने खानाको स्वाद चखाउने गरिएको घरबास सञ्चालक बताउँछन् । इच्छुक पर्यटकलाई करेसाबारीमा खेती गर्ने र भान्छामा परिकार बनाउने विधि पनि सिकाउने गरिएको उनीहरुको भनाइ छ । निगालोबाट बन्ने डोको, सेखुजस्ता घरेलु उत्पादनका सामग्री पनि पर्यटकलाई चिनाउने गरिएको छ । घरबासको भान्छामा गाउँमै उत्पादन हुने अन्न र तरकारीबालीको प्रयोग गर्ने गरिएको छ । ल्वाङ गाउँ अन्नपूर्ण आधार शिविर र मर्दी आधार शिविरको पदयात्रामा जाने पर्यटककोसमेत रोजाइमा पर्ने गरेको छ । पर्यटक गाउँले जनजीवन, सत्कार, खानपान, घुमफिर तथा संस्कृतिको आनन्द बटुल्न घरबासलाई रोज्छन् । पोखरादेखि २० किमी मोटरयात्रामा ल्वाङ गाउँ पुग्न सकिन्छ । पदयात्रा गरे झण्डै चार घण्टा लाग्छ । मर्दी खोलाको किनारैकिनार भिर र वनपाखा चहार्दै पदयात्रा गर्न सकिन्छपोखरामहानगरपापलिका-२५ हेम्जादेखि खानेपानी, भैँडाबारी, खोलामुख हुँदै ल्वाङ गाउँ पुगिन्छ ।

घान्द्रुक र ल्वाङ गाउँ अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्छन् । आयोजना प्रमुख डा रबिन कडरिया 'एक्याप'भित्रका कैयन स्थानमा घरबास सञ्चालनमा रहेको बताउनुहुन्छ । "घरबास खुलेपछि विशेष गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा मद्दत पुगेको छ, अन्नपूर्ण क्षेत्रको पदयात्रा गर्ने पर्यटकका लागि पनि घरबासले धेरै सहज बनाएको छ", उहाँ भन्नुहुन्छ, "घान्द्रुक, ल्वाङ, सिक्लेस, भुजुङलगायत गाउँमा घरबास सेवा छ ।"

# घोडाको फेरिएको काम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ कार्तिक

सडक र सवारी साधनको पहुँच नुहँदा छिटो गन्तव्यमा पुग्न घोडाको प्रयोग हुन्थ्यो । पहिले घोडा चढ्नेहरु अहिले गाडी वा मोटरसाइकल प्रयोग गर्छन् ।

घरछेउमा घोडा बाँध्ने तबेला अहिले गाडी र मोटरसाइकल राख्ने पार्किङस्थल बन्ने गरेका छन् । टोल टोलमा मोटर गुड्ने सडक पुगेसँगै घोडा-खच्चर विस्थापित हुँदै गएका छन् । पर्यटकीयस्थलमा भने घोडाको काम फेरिएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीका घोडा व्यवसायी याम पुन बताउनुहुन्छ । "पहिले गाउँका सम्पन्न व्यक्ति चढेर हिँड्ने घोडा अहिले पर्यटकको यातायातको साधन बनेको छ," उहाँ भन्नुहुन्छ "असोज- कात्तिक र चैत-वैशाखको याममा घोडालाई पर्यटक बोक्न भ्याइनभ्याइ हुन्छ ।" म्याग्दीको घोडेपानी, कास्कीको उल्लेरी, नाङ्गीठाटी, घान्द्रुक, टाढापानी, चुइने, मुस्ताङको मुक्तिनाथ र दामोदरकुण्ड पुग्न हिँड्न नसक्ने पर्यटकका लागि घोडा सहयोगी बनेका छन् । घोडेपानी-घान्द्रुक क्षेत्रमा पर्यटक बोक्न एक सयभन्दा बढी घोडा रहेका छन् । घोडेपानीका घोडा व्यवसायी विरेन गर्बुजा पुनले घोडेपानीबाट पुनहिल जान रु तीन हजार पाँच सय र अन्य ठाउँमा जाँदा प्रतिदिन रु एक सयका दरले शुल्क लिने गरिएको बताउनुहुन्छ ।

"बालबालिका र वृद्धबृद्धा पर्यटकले घोडा प्रयोग गर्छन् । रमाइलोका लागि युवा र वयस्क उमेरका पर्यटकले पनि घोडाचढी सुविधा लिन्छन्," उहाँ भन्नुहुन्छ, "शुल्कको केही प्रतिशत रकम पदमार्ग मर्मत र घोडा दौड प्रतियोगिताका लागि कोषमा राखेका छौँ ।" घोडेपानी घोडा व्यवसायी समिति अन्तर्गत हाल १२ वटा घोडा छन् । घोडा बेरोजगार युवाका लागि आम्दानीको स्रोत बनेको छ । बिरामी परेका र जङ्गलमा फसेका पर्यटकको उद्धारको काममा पनि घोडा प्रयोग हुने गरेको घोडेपानीका होटल व्यवसायी डमबहादुर पुन बताउनुहुछ । काठमाडौँकी जिया थापा गत हप्ता कास्कीको उल्लेरी हुँदै घोडा चढेर घोडेपानी घुम्न आउनुभएको थियो । उकालोमा घोडा चढेर यात्रा गर्न पाउँदा रमाइलो महसुस भएको उहाँ प्रतिक्रिया दिनुहुन्छ । मुस्ताङको झारकोटदेखि मुक्तिनाथ मन्दिरसम्म जानका लागि पनि घोडाचढी सुविधा छ ।

एक पटक यात्रा गरेको रु चार सय शुल्क लिने गरेको घोडा व्यवसायी हर्क गुरुङको भनाइ छ । बयाननब्बे वटा घोडा मुक्तिनाथमा तीर्थयात्री बोक्न प्रयोग भएका छन् । एक दिनमा चारदेखि छ पटकसम्म एउटा घोडाले पालो पाउने गरेको उहाँ बताउनुहुन्छ । एउटा घोडाको मूल्य रु एक लाख पचास हजारदेखि रु दुई लाखसम्म पर्छ । मुस्ताङ र ढोरपाटन क्षेत्रका घोडा मानिस चढ्न मिल्ने अग्ला र बलिया मानिन्छन् । घोडा संरक्षण र पर्यटन प्रर्वद्धन गर्न घोडा दौडप्रतियोगिता आयोजना हुने गरेको छ । मुक्तिनाथमा यार्तुङ पर्व, घान्द्रुकमा नयाँ वर्षको अवसरमा आयोजना गरिने घोडादौड प्रतियोगिता विशेष आकर्षणको रुपमा छन् । घोडा दौडप्रतियोगिताले पर्यटक भित्र्याउन सहयोग पुगेको स्थानीय पर्यटन व्यवसायीहरुको भनाइ छ ।

# भूकम्पपीडितलाई तनहुँका दुई स्थानीय तहको १० लाख सहयोग

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ कार्तिक


जाजरकोट भूकम्पपीडितका लागि तनहुँका दुई स्थानीय तहले आर्थिक सहयोग गरेका छन् । जिल्लाको व्यास नगरपालिका र देवघाट गाउँपालिकाले भूकम्पपीडितको उद्धार र राहतका लागि रु १० लाख सहयोग गरेका हुन् । दुवै पालिकाले रु पाँच-पाँच लाख सहयोग गरेका छन् ।

व्यास नगरपालिकाको बैठकले विपद् व्यवस्थापन कोषबाट रु पाँच लाख सहयोग गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विपद्को अवस्थामा देशैभरबाट सहयोग भइरहेको अवस्थामा हामीले पनि केही सहयोग गर्ने निर्णय गरेका हौँ ।"

नगरपालिकाले भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । भूकम्पबाट व्यास नगरपालिकाभित्र पनि केही घरहरु भत्किन गएको सूचना प्राप्त भएकाले सबै नगरवासी दाजुभाइलाई सुरक्षित रहन, कुनै विपद्जन्य अवस्था आइपरेमा नगरपालिकालाई सूचित गर्न आग्रह गरिएको छ ।

जाजरकोट भूकम्पपीडितका लागि तनहुँकै देवघाट गाउँपालिकाले पनि रु पाँच लाख सहयोग गर्ने निर्णय गरेको छ । यस्तै नेपाली कांग्रेस तनहुँका तर्फबाट रु २५ हजार सहयोगको निर्णय भएको छ । देवघाट गाउँपालिकाका प्रमुख तिलबहादुर थापाले भूकम्पपीडितका लागि सर्वसाधारणबाट पनि राहत सङ्कलन भइरहेको जानकारी दिनुभयो ।

गाउँपालिकाले भूकम्पपीडितका लागि थप सहयोग गर्न वडा नं २ का अध्यक्ष मीनबहादुर रानाको संयोजकत्वमा राहत सङ्कलन समितिसमेत गठन गरेको छ । गाउँपालिकाका अध्यक्ष थापाले भन्नुभयो, "सहयोग गर्न इच्छुकलाई सहयोगका लागि आह्वान गरेका छौँ । सबै वडाबाट स्वतःस्फूर्तरूपमा सहयोग सङ्कलन गरिनेछ ।"



लटरम्म सुन्तलाः तनहुँको म्याग्दे गाउँपालिका-२ स्थित सुकनारायण श्रेष्ठको सुन्तला बगैँचामा लटरम्म फलेको सुन्तला । यो वडा सुन्तला उत्पादनका लागि उपयुक्त रहेको छ । तस्बिर ः कृष्ण न्यौपाने/रासस

# अस्पताल निर्माण गर्न जग्गा दान

**पोखरापत्र संवाददाता**
मनाङ, २३ कार्तिक

'एउटा स्थानीय तह, एउटा अस्पताल'अन्तर्गत हिमाली जिल्ला मनाङमा अस्पताल निर्माण गरिने भएको छ ।

नासो गाउँपालिकामा अस्पताल निर्माणका लागि स्थानीय डा देवीजङ्ग गुरुङले जग्गा दान गर्नुभएको छ । गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङको समन्वयमा उहाँले जग्गा दान गर्नुभएको हो । नासो-५ थोचेस्थित 'हिमालयन फ्यामली हेल्थकेयर'को स्वामित्वमा रहेको उक्त जग्गा अस्पताल निर्माणका लागि पालिकालाई दिएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार छ रोपनी ११ आना जग्गामध्ये पाँच रोपनी अस्पताल निर्माण गर्न पालिकालाई दान गरिएको छ ।

मनाङमा जन्मिएर अमेरिकामा बस्दै आउनुभएका डा गुरुङले दान गरेको जग्गाको मुल्य चलनचल्ती अनुसार करिब रु ७५ लाख पर्छ । गाउँपालिकाले पाँच शय्याको अस्पताल निर्माण गर्ने योजना बनाएको छ । तर जग्गा अभावका कारण हालसम्म अस्पताल निर्माण गर्न सकिएको थिएन । हिमालयन फ्यामली हेल्थ केयरका संस्थापक तथा कार्यकारी निर्देशकसमेत रहेका डा गुरुङले आफ्नो संस्थाको उद्देश्यसँग मिल्ने खालको काम पालिकाले गर्न लागेपछि जग्गा उपलब्ध गराएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले पनि अस्पताल बनाउनकै लागि जग्गा खरिद गरेका हौँ । तर, निर्माण गरिएको थिएन । अहिले पालिकाको उद्देश्य र हाम्रो एउटै रहेकाले अस्पताल बनाउन जग्गा दिएका हौँ ।" अस्पताल निर्माण भएपछि नासो गाउँपालिकावासीलाई स्वास्थ्योपचारमा सहज हुनेछ । सामान्य उपचारका लागि पनि स्थानीयवासी सदरमुकाम वा छिमेकी जिल्लाको अस्पताल पुग्नुपर्ने अवस्था छ । पालिकाले एक विशेषज्ञ चिकित्सक रहने गरी अस्पताल निर्माण गर्ने योजना बनाएको छ । अध्यक्ष गुरुङले जग्गा निःशुल्क उपलब्ध भएकाले अब अस्पताल निर्माणको प्रक्रिया थाल्ने बताउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
२००१/०४/०८ गते

स्वर्गारोहणः
२०८०/०७/१२ गते

**स्व. कृष्णहरी श्रेष्ठ**

यस गुठीका गुठीयार पोखरा-९, दरबारथोक मार्ग -२ निवासी **कृष्णहरी श्रेष्ठ**को निधनले हामी गुठी परिवार अती नै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री पंचमी गुठी परिवार पोखरा**